# माादी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मादी, संखुवासभा
कोशी प्रदेश, नेपाल

०२९(४२४००१३
madimunicipality@gmail.com
https://madimun.gov.np


पत्र संख्या: ०८२/०८३
चलानी संख्या: ८०६

नेपाल संवत ११४६ पोहेलाथ्व ८ आइतवार

मितिः २०८२/०९/१३

श्री वडा कार्यालयहरु सबै,

विषयः मेला, महोत्सव, सर्कश, प्रदर्शन, मनोरञ्जन खेलकुद सांस्कृतिक कार्यक्रम सञ्चालन गर्न मनोरञ्जन कर अनिवार्य रुपमा बुझाउने सम्वन्धमा ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय, संखुवासभा खाँदवारीको च.नं.१३०० मिति २०८२/०९/०७ को पत्रानुसार प्रदेश आर्थिक ऐन २०८२ को दफा ५ सँग सम्बन्धित अनुसुची ४ को क्र.स. ५ र ६ बमोजिम मेला, महोत्सव, सर्कश, प्रदर्शन, मनोरञ्जन खेलकुद सांस्कृतिक कार्यक्रम सञ्चालन गर्न मनोरञ्जन कर अनिवार्य रुपमा बुझाउने व्यवस्थाको कार्यान्वयन गर्न / गराउन तहाँ वडा कार्यालयहरुले सम्वन्धित व्यक्ति, निकाय तथा संघ संस्थाहरुलाई जानकारी गराउनु हुन अनुरोध छ। साथै कोशी प्रदेश आर्थिक ऐन २०८२/८३ मनोरञ्जन करका दरहरु समेत संलग्न रहेको छ ।

२०८२।०९।१२

भक्त बहादुर भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

१. सूचना प्रविधि शाखा (सबै वडा कार्यालयहरुमा इमेल गरी कार्यालयको वेवसाइट र फेसबुक पेजमा अपलोड गरीदिनहुन ।)

Website: pro.koshi.gov.np

# मेला, महोत्सव, प्रदर्शनी लगायतका कार्यक्रम सञ्चालनमा लाग्ने

## मनोरञ्जन कर सम्बन्धी जानकारी

कोशी प्रदेश आर्थिक ऐन, २०८२ को दफा ५ सँग सम्बन्धित अनुसूची-४ मा उल्लेख भए अनुसार मेला, महोत्सव लगायतका मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्ने मनोरञ्जन करको प्रावधान देहाय अनुसार रहेको छः-

- मेला, महोत्सव, सर्कस, मनोरञ्जनात्मक खेलकुद, सांस्कृतिक कार्यक्रम सञ्चालनको अनुमतिको लागि स्थानीय तहबाट सिफारिस लिँदा मनोरञ्जन कर बुझाउनु पर्नेछ।
- कोशी प्रदेश सरकारका निकाय वा स्थानीय तहबाट कुनै मेला, महोत्सव, सांस्कृतिक कार्यक्रम आदिमा अनुदान सहयोग माग गर्दा वा भुक्तानी निकासा गर्दा मनोरञ्जन कर दाखिला भएको कागजात पेश गर्नु पर्नेछ।
- आ.व.२०८२/८३ को लागि तोकिएको मनोरञ्जन करको दरः-

| शीर्षक | कार्यक्रम/ व्यवसायको प्रकृति | महानगरपालिका /उप-महानगरपालिका | तराई र भित्री मधेशका जिल्लाहरू | | हिमाल र पहाडका जिल्लाहरू | |
|---|---|---|---|---|---|---|
| | | | नगरपालिका | गाउँपालिका | नगरपालिका | गाउँपालिका |
| मेला, महोत्सव, प्रदर्शनी, सर्कस, साँस्कृतिक कार्यक्रम, मनोरञ्जनात्मक कार्यक्रम, मनोरञ्जनात्मक खेलकुद प्रतियोगिता **(प्रतिदिन रु.)** | ठूलो प्रकृतिका (८ दिन वा सोभन्दा बढी सञ्चालन हुने) | २० हजार | १२ हजार | १० हजार | ७ हजार | ५ हजार |
| | मझौला प्रकृतिका (७ दिनसम्म सञ्चालन हुने) | १० हजार | ७ हजार | ५ हजार | ३ हजार | २ हजार |
| जादु, चटके लगायत निश्चित अवधिसम्म सञ्चालन हुने साना प्रकृतिका मनोरञ्जनमा **(प्रतिदिन) रु.** | साना प्रकृतिका | १ हजार | ८ सय | ५ सय | ३ सय | २सय |

- कृषि तथा औद्योगिक मेला वा प्रदर्शनीलाई लाग्ने मनोरञ्जन करमा ५० प्रतिशत छुट हुनेछ।
- मनोरञ्जन कर स्थानीय विभाज्य कोषमा जम्मा गरी प्रदेश सरकार र स्थानीय सरकारबीच बाँडफाँड हुनेछ। मनोरञ्जन कर वापतको रकम राजस्व शीर्षक ३३३४२ मा दाखिला गर्नु पर्नेछ।